जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का.महोत्तरी.द.नं. ४१/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष १० • अंक १२३ • २०७९ फाल्गुण १२ गते शुक्रवार • 24 Feb. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## थिमिला मध्यमा परिक्रमालाई मटिहानीमा भव्य स्वागत,शुक्रबार सुगा हुँदै जलेश्वरमा



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ११ फाल्गुण**

अति प्रसिद्ध जनआस्थाको प्रतिक १५ दिने मिथिला मध्यमा परिक्रमालाई मटिहानीमा भव्य स्वागत गरिएको छ । साथैं परम्परागत रुपमा शुक्रबार विहानै सुगा हुँदै जलेश्वर आइपुग्ने छ । मिथिला बिहारी तथा किशोरीजीको डोलालाई मटिहानी नगर प्रमुख हरि प्रसाद मण्डल लगायत पालिकाका कर्मचारीहरु,सुरक्षा निकाय तथा स्थानियहरुले फुल,माला,अबिर,मिष्ठान अर्पण गरी काँधमा बोकी परिक्रमा स्थलसम्म पुर्याएका थिए।

जनकपुरधामको हनुमान नगरको हनुमानगढीबाट सुरु भएको परिक्रमा भारतको कल्याणेश्वर, गिरिजास्थान हुँदै बिहिबारमटिहानी आइपुगेको हो । मटिहानी नगरपालिकाका मेयर हरिप्रसाद मण्डल, पालिकाका वडाध्यक्षहरु, पालिकाका अन्य प्रतिनिधिहरु, प्रमुख

बांकी पृष्ठ २ मा ।

## हात्तिपाईलेको चक्की सबैले खाऔ,अरुलाई पनि खान भनौं, हात्तिपाईले उन्मुलन गरौं:सामाजिक विकास मन्त्री सुरिता साह

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ११ फाल्गुण**

आर्थिक वर्ष २०७९।०८० राष्ट्रिय हात्तिपाईले रोग निवारण कार्यक्रम अन्तर्गत स्वास्थ्य कार्यालय जलेश्वर महोत्तरीको आयोजनामा बिहिबार प्रादेशिक अस्पताल जलेश्वरको सभा हाँलमा बिधिवत रुपमा सो कार्यक्रमको उद्घाटन गर्दै मधेस प्रदेशको सामाजिक विकास मन्त्री सुरिता साहले हात्तिपाईलेको चक्की सबैले खाऔ, अरुलाई पनि खान भनौं,हात्तिपाईले उन्मुलन गरौं बताउनु भएको छ।



सो उद्घाटन कार्यक्रमको अध्यक्षता स्वास्थ्य कार्यालयको प्रमुख डा. भोला यादव गर्नु भएको थियो भने सामाजिक विकास मन्त्री सुरिता साहलाई प्रमुख अतिथि, जिल्ला समन्वय समितिको सभापति सुमन लाल कर्ण,जलेश्वर नगर प्रमुख सुरेश साह सोनार,प्रमुख जिल्ला अधिकारी दीपक कुमार पहाडी, उप अनुसन्धान निर्देशक दिलिप कुमार सिंह, प्रयोगशाला निर्देशक डा.रुना झा, प्रहरी उपरीक्षक प्रकाश मल्ललाई विशिष्ट अतिथि, सहायक प्रमुख

बांकी पृष्ठ २ मा ।

## हात्तीपाईले रोग निवारणका लागि राष्ट्रिय आम औषधि सेवन कार्यक्रम बारे जानकारी

***हात्तीपाईले रोग बारे सामान्य जानकारी***

हात्तीपाईले रोग मानिसलाई शारिरीक रूपमा अशक्त तथा अपाङ्ग बनाउने एक सरुवा रोग हो । यो रोग एक प्रकारको मसिनो धागो आकारको जुका जस्तै परजीविले गराउंदछ र यो रोग संक्रमित लामखुट्टेको टोकाईबाट मानिसमा सर्ने गर्दछ। मानिसको शरिरमा यो परजीवि प्रबेश गरेको केही बर्ष पछि मात्र यस रोगका असरहरु (जस्तै हात्तीपाईले र अन्डकोस सुन्निने) देखिने हुन्छ र यस रोगको लक्षण देखिसकेपछि निको पार्न सकिँदैन । हात्तीपाईले रोगबाट बच्न तथा प्रारम्भिक अवस्थामा नै पूर्ण रुपमा निको हुनका लागि यो रोगको जोखिम भएको सम्पूर्ण जिल्लाहरुमा राष्ट्रिय आम औषधि सेवन कार्यक्रम संचालन हुँदै आएको छ ।

***हात्तीपाईले रोगको परजीवि मुक्त हुन के गर्ने ?***

नेपाल सरकारले रोग प्रभावित जिल्लाहरूमा प्रत्येक बर्ष सञ्चालन गर्ने आम औषधि सेवन कार्यक्रममा सहभागि भई आफ्नो जिल्लामा संचालनमा रहेसम्म लगातार हात्तीपाईले रोग बिरूद्धको औषधि सेवन गर्ने र अरूलाई पनि गर्न लगाउने ।

***हात्तीपाईले रोग बाट बच्न कस्तो औषधि सेवन गर्ने र यसले के गर्छ ?***

हात्तीपाईले रोगबाट बच्न तीन थरि औषधिहरु प्रयोग हुन्छन् जुन पूर्ण रुपमा सुरक्षित छन् र यी औषधि विश्व भर प्रयोग हुंदै आईरहेकाछन् ।। यी तीन थरिका औषधिहरुको प्रयोगले हात्तीपाईले रोग लागिसकेकाहरूको प्रभावकारी रुपमा उपचार हुनुका साथै रोग लाग्नबाट समेत बचाउँदछ । यसले आन्द्रा र रगतका जुकाहरु मार्दछ भने लुतो र जुम्राको उपचारमा पनि निकै सहयोगी हुन्छ । अध्ययन तथा अनुसन्धानबाट यी तीनै थरिका औषधिहरु पूर्ण रुपमा सुरक्षित छन् र यी औषधि बिश्व स्वास्थ्य संगठन बाट मान्यता प्राप्त हुन् ।

***यो औषधि को सेवन ले हात्तीपाईले रोग नलागेकाहरुलाई कसरी फाइदा गर्छ ?***

पहिलो कुरा हात्तीपाईले रोगका लक्षणहरु नदेखिएपनि रोगका परजीवीहरु शरीरमा हुनसक्छन् र औषधि अहिले खायो भने ती परजीवीहरु मर्छन् र भविष्यमा रोग देखिदैन । दोस्रो कुरा औषधी सेवनका कारण तपाइको शरीरमा भएका हात्तीपाईलेका परजीवीहरु अरु स्वस्थ्य मानिसको शरीरमा सर्दैनन् । तेस्रो कुरा समुदायमा कोहि व्यक्तिमा रोगका परजिवीहरु छन् र उहाले औषधि सेवन गरेमा लामखुट्टेले टोकेतापनि तपाइको शरीरमा ति परजिवीहरु उहाबाट सार्न सक्दैनन् ।

***हात्तीपाईले रोग विरुद्धको औषधि कस- कसले सेवन गर्नुपर्दछ ?***

आम औषधि सेवन कार्यक्रम सञ्चालन हुने जिल्लाहरूमा बसोबास गर्ने औषधि सेवन गर्न योग्य सबै व्यक्तिले यो औषधि सेवन गर्नुपर्दछ ।

***हात्तीपाईले रोग विरुद्धको औषधि कस-कसले सेवन गर्नु हुँदैन ?***

- दुई बर्ष उमेर नपुगेका वालवालिकाहरू
- गर्भवती र सात दिन सम्मका सुत्केरी
- छारे रोग को समस्या भएका व्यक्तिहरु
- पहिले आम औषधि सेवन गर्दा गम्भीर समस्या देखिएका व्यक्तिहरु तथा
- सिकिस्त विरामीहरु

सिकिस्त विरामीहरु भन्नाले रोगका कारण ओछ्यान परेका बिरामीहरु, अस्पताल भर्ना भएका बिरामीहरु र त्यस्ता बिरामीहरु जो जीवन भर चिकित्सीय उपचार सहायतामा बसेका हुन्छन जस्तै मिर्गौला रोगको लागि डायलाइसिस आदि ।

***हात्तीपाईले रोग विरुद्धको औषधि सेवन गर्दा ध्यान दिनुपर्ने केही कुराहरू छन् की ?***

यो औषधि खाली पेटमा खानुहुंदैन । शरीरमा हात्तीपाईले रोगको परजीवि भएका ब्यक्तीहरूमा हात्तीपाईले रोग विरुद्धको औषधि सेवन गरेपछि सामान्य खालको टाउको दुखाई, वाकवाकी लाग्ने तथा पेट दुख्ने हुनसक्छ। यदि त्यसो भएमा औषधिले प्रभावकारी काम गर्दैछ भन्ने बुझ्नु पर्दछ । ती लक्षणहरु केहि घण्टाभित्रमा आफैं हराएर जाने हुन्छ। केही गरी ती लक्षणहरु लामो समयसम्म रहिरहेमा नजिकको स्वास्थ्य संस्थामा आवश्यक सल्लाह र उपचारका लागि सम्पर्क गर्नुपर्दछ । आम औषधि सेवन कार्यक्रम लागु भएका जिल्लाहरूमा तालिम प्राप्त स्वास्थ्यकर्मीहरूले तपाईंको घर नजिकैको बुथमा तथा घरभेटमा औषधि खुवाँउछन् ।

**स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरी**

## सुगामा समेत परिक्रमाको तयारी समपन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ११ फाल्गुण**

मिथिला बिहारी तथा किशोरीजीको डोला सहितको लवालस्कर जलेश्वर नगरपालिका अन्तर्गत वडा नं. ४ सुगा भवानीपट्टी हुँदै जाने भएकोले गाउँ तथा सडकको सरसफाई गरिएको वडाध्यक्ष हरिश्चन्द्र महतोले बताएका छन्।

निःशुल्क स्वास्थ्य परामर्श तथा औषधी वितरणका कार्यक्रम रहेको बताएका छन् । साथै वडाध्यक्ष महतोले डोला तथा भक्तजनहरुलाई स्वागत तथा अभिनन्दनमा कुनै कमी नगर्न वडाबासीमा आग्रह गरेका छन्।

## मुख्यमन्त्री कार्यालय अगाडि प्रदर्शन



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ११ फाल्गुण**

जनकपुरमा दलित सुकुमबासीहरुले मुख्यमन्त्री कार्यालय अगाडि प्रदर्शन गरेका छन् । चुरे तथा वन जंगल संरक्षण अभियानले घोषणा गरेको आन्दोलन कार्यक्रम अन्तर्गत उनीहरुले प्रदर्शन गरेका हुन् । अभियानले विभिन्न माग सहित सोमबार आन्दोलन घोषणा गरेको थियो। भूमिहीनलाई जग्गा उपलब्ध गराऊ, दिलिप महतोलाई पर्यावरण सहिद घोषणा गर, चुरे वन जंगल संरक्षण गर, चुरे अभियन्ताहरुमाथि लगाएको झुठा मुद्दा फिर्ता गर भन्ने माग राखेर दलित सुकुमबासीहरु र चुरे तथा वन जंगल संरक्षण अभियन्ताहरुले प्रदर्शन गरेका हुन्।

मधेस प्रदेशका सबै जिल्लाबाट जनकपुरमा जम्मा भएका दलित सुकुमबासीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र

बांकी पृष्ठ २ मा ।

तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

- बालविवाह
- अनिच्छित विवाह
- बहुविवाह
- दाइजो विवाह
- दवाव विवाह

*विचार गर्नुस,*

के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ?

यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today Daily
एक कदम अगाडि


जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

# सुस्वागतम् । सुस्वागतम् ॥

*विश्वमै भव्य तथा सभ्य मानिएको मिथिला माध्यमिकी परिक्रमा आज मटिहानीमा विश्राम गरी बाटोमा पर्ने गाउँ सुगा भवानीपट्टी हुदै बाबा जलेश्वरनाथको नगरी आइपुगेको मिथिला बिहारी तथा किशोरीजीको डोला सहितको साधुसन्त तथा श्रद्धालु भक्तजनहरुलाई सुस्वागत गर्न चाहन्छौं । धनुषाको मिथिला बिहारी नगरपालिका अन्तर्गत कचुरी स्थित रहेको मठबाट मिथिला बिहारी तथा किशोरीजीको डोला जनकपुरधामको हनुमाननगर स्थित हनुमानगढी, भारतको कल्यानेश्वर, गिरिजास्थान,महोत्तरीको मटिहानी हुदै आज बाबा जलेश्वरनाथको नगरी जलेश्वर नगरपालिकामा आइपुगेको यस घडीमा समस्त नगरबासी तथा श्रद्धालुहरुमा हर्ष तथा श्रद्धा जागृत भएको सहजै देख्न सकिन्छ ।*

*समस्त नगरबासीलाई आज भगवान राम माता जानकीको आगमन भएको अनुभूति भएको छ। डोलासँग आइपुगेका साधुसन्त तथा श्रद्धालु भक्तजनहरु यस सत्य तथा अलौकी ईश्वरीय पदयात्राका सहयात्रि हुने अवसर पाएकोमा सबै श्रद्धालुहरु धन्यधन्य भएका छन् ।*

*बाबा जलेश्वरनाथ नगरीमा परिक्रमाबासीलाई कुनै पनि आवश्यक सहयोगको कमी नहुन दिनको लागि त्यहाँका स्थानिय मेला समिति,स्वयं सेवक साथीहरु,नगर प्रमुख,सुरक्षा निकाय,सेवामुखि संघसंस्था,स्वास्थ्य कार्यालय,स्थानिय समाजसेवी, राजनीतिकर्मी, मावन अधिकारकर्मी,पत्रकार लगायत विभिन्न सरोकारबालाहरुले सक्रिय भईदिन आवश्यक रहेको देखिन्छ। अन्त्यमा यस परिक्रमामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहभागि भएका समस्त भक्तजनहरुमा हार्दिक शुभकामना ज्ञापन गर्दै सुस्वागत गर्दछौं ।*

### *थिमिला मध्यमा परिक्रमालाई.............*

जिल्ला अधिकारी दिपक पहाडी, सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपाने, सुरक्षा निकायका प्रमुखहरु तथा विभिन्न विशिष्ट व्यक्तिहरुका साथै मटिहानीवासीले रामजानकीको डोलासँगै सम्पुर्ण परिक्रमायात्रीलाई स्वागत तथा अभिनन्दन गरेका थिए । मेलामा निःशुल्क औषधी लगायतका आवश्यक सामाग्रीहरु वितरणमा मटिहानी नगरपालिका तथा स्थानियहरुको सहयोग तथा समन्वय रहेको देखिएको थियो । डोलाको आगमन सँगै स्थानियहरुका उत्साह तथा हर्ष देखिएको थियो । स्थानीय निकाय, बृहत जनकपुर क्षेत्र विकास परिषद, मटिहानीस्थित लक्ष्मी नारायण मन्दिर लगायत विभिन्न सरोकारवाला निकाय तथा स्थानीयहरुको सहयोग र समन्वयमा परिक्रमा यात्रीहरुको लागि आवश्यक खाद्यान्न लगायतको व्यवस्थापन भइरहेको बुझिएको छ। ऋषिमुनि, साधुसन्त तथा मानव रुपी भगवान को तपोभूमि स्थलहरुको परिक्रमा गर्दा पुण्य र मोक्ष प्राप्ती हुने जनविश्वस रहेकोले १५ दिने माध्यमिकी परिक्रमा धेरै पुरानो समयदेखि संचालन भइरहेको छ। यता शुक्रबारको लागि डोला तथा परिक्रमाबासीलाई व्यवस्थापन गर्न सबै कार्यहरु समपन्न भईसकेको जलेश्वर नगर प्रमुख सुरेश साह सोनारले जानकारी गराउनुभयो। सो दिन अति आवश्यक काम बाहेक पालिकाको कार्यालय, मातहतका सम्पूर्ण वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु एवं स्वास्थ्य कार्यालयहरुमा स्थानिय बिदा दिइएको समेत जानकारी गराएका छन्। साथै शुक्रबार आइपुग्ने रामजानकीको डोला लगायत साधु सन्त तथा श्रद्धालु भक्तजनहरुलाई जलेश्वरनाथको नगरीमा व्यक्तिगत रुपमा समेत स्वागत गरिदिनु हुन नगर प्रमुख सोनारले सम्पूर्ण जलेश्वर नगरपालिका बासीहरुलाई आग्रह गरेका छन्।

### *हात्तिपाईलेको चक्की............*

जिल्ला अधिकारी उपेन्द्र न्यौपाने, प्रादेशिक अस्पताल जलेश्वर मे.सु.डा.सतिश कुमार साह,जसपाका नेताहरु, मानवअधिकारकर्मीहरु लगायत स्वास्थ्य कार्यालयका स्वास्थ्यकर्मीहरु, आगन्तुक चिकित्सक, नागरिक समाज तथा पत्रकारहरुलाई अतिथिको रुपमा आसन ग्रहण गराइएको थियो । हात्तिपाईले चक्की प्रयोग गर्ने सम्बन्धमा विभिन्न वक्ताहरुले स्वास्थ्य कार्यालयले तोकेको स्थानिय पालिकाहरुमा उचाई अनुसार औषधी सेवन गर्न हुन आग्रह गरेका थिए। यो औषधी गर्भपति महिला, क्यान्सर रोगी, मृगौलाको सिकिस्त बिरामी बाहेक २ वर्ष भन्दा माथिका जुनसुकै उमेरका व्यक्तिहरुले खाना खाइसकेपछि पालै पालो तीन थरिका औषधीहरु चिकित्सकको निगरानीमा खान हुन बताइएको थियो। यो रोग सरुवा रोग भएकोले अहिलेसम्म महोत्तरीमा १५ सय ४४ जना बिरामीहरु फेला परेका छन् जसमध्ये ८ सय ९२ जना हाइड्रोसिल र ६ सय ५० जना हात्तिपाइले र २ जना दुवै रोगले पिडीत भएको फेला परेको स्वास्थ्यकर्मीहरुले जानकारी गराएका थिए। यो रोगको कुनै साइड इफेक्ट नरहेको र सामान्य बान्ता वा टाउको दुख्दैमा नडराइकन आराम गर्नुपर्ने चिकित्सकहरुले सल्लाह दिएका थिए । महोत्तरीको मटिहानी नगरपालिकामा यी रोगीहरु अत्यधिक रहेको तथ्याँकबाट बुझिएको छ। त्यसैगरी सर्वप्रथम जिससको सभापति कर्णले हात्तिपाइलेको औषधी स्वास्थ्यकर्मी आशा साह कुँवरको निगरानी खानु भएका थिए भने प्रजिअ पहाडी लगायत दर्जनौ व्यक्तिहरुले सो औषधि कार्यक्रम स्थलमै खाएर आम जनताले पनि निर्भिक्क भएर खान हुन उत्प्रेरित गरेका थिए। कार्यक्रमको समापन गर्दै स्वास्थ्य कार्यालय प्रमुख डा.यादवले अल्बेन्डाजोल, आइभरमेक्टिन र डाई ईथाइल कार्वामाजाइन सबैले खान हुन आग्रह गर्दै सन् २०३० सम्म यो रोग अन्त्य गर्ने सरकारको योजना अन्तर्गत नेपालमा अहिले ७७ जिल्ला मध्ये ३७ वटा जिल्लामा यो रोग देखा परेकोले अहिले १५ जिल्लाहरुमा यो कार्यक्रम शुरु भएकोले सबैले समयमा औषधी खान आग्रह गर्नुभयो।

### *मुख्यमन्त्री कार्यालय..........*

जिल्ला प्रशासन कार्यालय घेराउ गरेका थिए । पटक पटक आन्दोलन र आमरण अनशन बसेपछि प्रदेश सरकारले ७ बुँदे सम्झौता गरे पनि कार्यान्वयन नगरेपछि बाध्य भएर पुनः आन्दोलन गर्नुपरेको सामाजिक अभियन्ता सरोज रायले जानकारी दिए । उनका अनुसार प्रदर्शनमा सहभागीहरु अनिश्चितकालीन धर्नामा बस्नेछन्। माग पूरा नभएसम्म धर्ना जारी रहने उनले जनाए।

# सत्ता गठबन्धन २ महिनामै भत्किने लगभग निश्चित



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ फाल्गुण**

नेकपा एमालेको नेतृत्वमा बनेको वर्तमान सत्ता गठबन्धन २ महिनामै भत्किने लगभग निश्चित भएको छ । रातारात कुनै ठुलो घटना भएन भने आज राति वा भोलिसम्म कांग्रेस नेतृत्वमा नयाँ गठबन्धन बन्ने देखिएको छ । राष्ट्रपतिको उम्मेदवारी मनोनयन गर्ने समय नजिकिँदै गर्दा राजनीतिमा ठूलो परिवर्तन हुन लागेको हो । नयाँ गठबन्धनबाट राष्ट्रपतिमा कांग्रेसका उम्मेदवारलाई माओवादी लगायतका दलले समर्थन गर्ने तयारी गरेका छन् ।

बिहीबार दिनभरि पनि नयाँ गठबन्धनको खाका बनाउन कांग्रेस, माओवादी लगायतका दल सक्रिय देखिएका छन्। प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले कांग्रेस, नेकपा एकीकृत समाजवादी, जसपा, लोसपा लगायतका दलसँग छलफल गरिरहेका छन् । नयाँ गठबन्धनमा कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, लोसपा र राष्ट्रिय जनमोर्चा सहभागी हुने निश्चित भइसकेको बताइएको छ । जसपा अझै धरमरमा देखिएको छ । उपराष्ट्रपति पाएमा मात्रै जसपा नयाँ गठबन्धनमा सहभागी हुने बुझिएको छ ।

एमालेले जसपालाई उपराष्ट्रपति दिने बताइसकेकाले उसले नयाँ गठबन्धनमा पनि त्यही आशा राखेको छ। रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी कता लाग्छ अझै स्पष्ट भइसकेको छैन। राप्रपा भने एमालेसँगै नजिक छ। त्यसबाहेक जनमत पार्टी पनि नयाँ गठबन्धनमा लाग्ने सम्भावना छ । नागरिक उन्मुक्तिले रेशम चौधरीको रिहाइलाई बटमलाइन बनाएको छ। राष्ट्रपतिमा कांग्रेस, माओवादी, एकीकृत समाजवादी र लोसपा मिल्दा मात्रै पनि स्पष्ट बहुमत पुग्ने भएकाले साना दल अहिले उपेक्षामा परेका छन्। नयाँ गठबन्धन बन्ने निश्चित देखेपछि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारमाथि आक्रमण सुरु गरेका छन्। उनले बिहीबार बिहान एक कार्यक्रममा जनयुद्ध दिवसमा बिदा दिने सरकारको निर्णयको आलोचना गरे ।

पछिल्लोपटक प्रचण्डसँग भएको भेटमा ओलीले अब आफ्नो दल प्रतिपक्षमा बस्ने जनाउ दिइसकेको स्रोतले जनाएको छ। उक्त स्रोतका अनुसार बुधबारको भेटमा ओलीले प्रचण्डलाई भनेका थिए, 'म त अब प्रतिपक्षमा बस्छु, तर तपाईं पनि लामो समय सत्तामा रहनु हुनेछैन । दुई महिनापछि तपाईं पनि मेरै स्थानमा आउनुहुनेछ ।' कांग्रेससँगको गठबन्धनबाट चुनाव लडे पनि प्रधानमन्त्री नपाएपछि प्रचण्ड एमालेसँग मिलेका थिए । एमाले नेतृत्वको गठबन्धनबाट उनी पुस १० गते प्रधानमन्त्री बनेका थिए। ठीक दुई महिनापछि त्यो गठबन्धन भत्किने संघारमा पुगेको छ। नयाँ गठबन्धनबाट राष्ट्रपति कांग्रेसले लिने सहमति भइसकेको छ । प्रधानमन्त्रीमा आलोपालो गर्ने पनि सहमति भइसकेको छ ।

तर, उपराष्ट्रपति माओवादीले राख्ने वा जसपालाई दिने भन्नेमा कुरा नमिलेको नेताहरूले बताएका छन् । बाँकी रहेका यी केही विषय मिलेपछि भोलि नयाँ गठबन्धनबाट उम्मेदवारी घोषणा गर्ने कार्यक्रम रहेको नेपाली कांग्रेसका एक नेताले जानकारी दिए। सहमति जुटाउन विहिवार बेलुका ६ बजेका लागि पुरानो गठबन्धनको संयुक्त बैठक बोलाइएको छ ।

## तपाईको टुडे

- मेष: खानपानमा समस्या आउने
- वृष: अशुभ समाचार प्राप्त हुने
- मिथून: मनमा पछुतो आउने
- कर्कट: पिछडेको साथी मिल्ने
- सिंह: मित्रतामा फाटो आउने
- कन्या: शुभ कार्यको शुरुवात
- तुला: विचार गरेर बोल्नुहोला
- वृश्चिक: लामो यात्राको योग छ
- धनु: पढाईमा ध्यान दिनुपर्ने
- मकर: अनावश्यक चिन्ता
- कूम्भ: अनावश्यक खर्चको संभावना
- मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |
| आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं | १९७ |

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# संयुक्त राष्ट्रसंघका महासचिवद्वारा युक्रेन आक्रमणको निन्दा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ११ फाल्गुण

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले बुधबार युक्रेनमा रुसको आक्रमणको निन्दा गर्दै यो 'हाम्रो सामूहिक विवेकको अपमान' भएको बताएका छन्।

रुसको युक्रेन आक्रमणको एक वर्ष पुग्न दुई दिनअघि एघारौं आपतकालीन विशेष सत्रलाई सम्बोधन गर्दै महासचिव गुटेरेसले भने, 'जब तपाईंले युक्रेनमा रुसको आक्रमणबारे कुरा गर्नुहुन्छ भने युक्रेनका जनता र अन्तरराष्ट्रिय समुदायका लागि यो लाजमर्दो विषय हो।' 'यो संयुक्त राष्ट्रसंघको बडापत्र र अन्तरराष्ट्रिय कानूनको उल्लङ्घन हो



। यसले नाटकीयरूपमा मानव अधिकारको हनन निम्त्याइरहेको छ र यसको प्रभाव युक्रेनभन्दा धेरै परसम्म महसुस भइरहेको छ' उनले थपे। रुस-युक्रेन युद्ध गत फेब्रुअरी २४ मा शुरु भएको थियो र हालसम्म जारी छ। युक्रेनमा द्वन्द्व बढ्दै गएपछि महासभाले कीभले समर्थन गरेको प्रस्तावमाथि बहस गर्न थालेको हो। विशेष सत्रलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसंघ प्रमुखले पनि भने,' मैले पहिलो दिनदेखि भनेको कुरा के हो भने यस कदमले विश्च समुदायलाई चुनौती थपेको छ।' संयुक्त राष्ट्रसंघका सबै सदस्यहरूले आफ्नो अन्तर्राष्ट्रिय सम्बन्धमा कुनै पनि राज्यको क्षेत्रीय अखण्डता वा राजनीतिक स्वतन्त्रता विरुद्ध वा संयुक्त राष्ट्रका उद्देश्यहरूसँग असङ्गत हुने गरी धम्की वा बल प्रयोगबाट टाढा रहनुपर्ने महासचिवको धारणा छ। उनले युक्रेनका चार क्षेत्रलाई गैरकानूनी रूपमा गाभिएकामा पनि आपत्ति जनाएका छन्। यसअघि पोल्याण्डमा बुधबार अमेरिकी राष्ट्रपति जो बाइडेनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आफ्नो युद्धघोष गर्दा 'ठूलो गल्ती' गरेको बताएका थिए।

# नेप्सेमा ५७ अंकको पहिरो, राष्ट्र बैंकको नीतिपछि लघुवित्त कम्पनीहरू प्रभावित

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ११ फाल्गुण

बिहीबार सेयर बजार परिसूचक नेप्सेमा ५७ अंक माथिको पहिरो गएको छ। यसदिन नेप्से सूचक ५७.७४ अंक अर्थात् २.७८ प्रतिशतले घट्दै २ हजार २२.६४ अंकमा झरेको हो।




त्यसो त बुधबार मात्र केन्द्रीय बैंकले लघुवित्त संस्थाहरुको नाफामा संकुचन ल्याउने गरी ब्याजदर र लाभांश वितरणमा अंकुश लगाउँदै निर्देशनमा संशोधन गरेसँगै आज लघुवित्त कम्पनीहरुको सेयर मूल्यमा तीव्र गिरावट आएको छ। जसले समग्र सूचकमा नै प्रभाव पर्न गएको हो। नेपाल स्टक एक्सचेञ्ज अनुसार आज गुमाउनेमा अधिकांश लघुवित्त कम्पनीहरु रहेका छन्। चार दर्जन हारहारीका लघुवित्त कम्पनीहरुको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। माइक्रोफाइनान्स समूहको उपसूचक ९.५४ प्रतिशतले घट्दैगर्दा अन्य १२ वटा उपसूचक समेत ऋणात्मक हुदै आज सेयर बजार नै रातात्मे हुन पुगेको छ। ५७ अंकमाथिले नेप्से सूचक घटेको बजारमा आज कुल २ अर्ब ५२ करोड २७ लाख रुपैयाँ बराबरको ६३ लाख २६ हजार कित्ता सेयर कारोबार भएको छ।

# क्लासिक डान्सर डा. कनक रेलेको निधन

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ११ फाल्गुण

पद्मभुषण र पद्मश्रीबाट सम्मानित क्लासिक डान्सर डा.कनक रेलेको निधन भएको छ। रेलेको ८५ वर्षको उमेरमा मुम्बईमा बुधबार निधन भएको हो। जसको जानकारी अभिनेत्री हेमा मालिनीले आफ्नो इष्टाग्राममार्फत दिएकी हुन्। उनले कनकको साथ आफ्नो तस्बिर शेयर गर्दै निधनप्रति शोक समेत व्यक्त गरेकी छन्। उनले भनेकी छन्, 'शास्त्रीय नृत्य क्षेत्रको एक महान युगको अन्त भएको छ।' रेले मोहिनी अट्टयम नृत्यमा पारंगत थिइन्। उनले



यो नृत्यबाट देश तथा विदेशमा पहिचान बनाएकी छन्। क्लासिक डान्सको क्षेत्रमा उनले एउटा क्रान्ति ल्याएकी छन्। क्लासिकल डान्सरको अलवा उनी राम्रो कोरियोग्राफर समेत हुन्। उनी नृत्यको अलवा अनुहारको एक्सप्रेशनबाट पनि दर्शकको मन जित्ने गर्थिन्। यही कारण उनी भारतको मोहिनी अट्टयम नृत्यको नम्बर वान नृत्याङगना बनेकी हुन्।

# केपी ओली कप : पुलिसलाई हराउँदै सात दोबाटो सेमिफाइनलमा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ११ फाल्गुण

विभागीय प्रतिद्वन्द्वी नेपाल पुलिस क्लबको चुनौती पन्छ्याउँदै सातदोबाटो युथ क्लब केपी ओली कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ।

सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालयमा बिहीबार सम्पन्न उद्घाटन खेलमा सातदोबाटो युथ क्लबले पुलिस क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको हो।




सातदोबाटोलाई जित दिलाउन दुवै गोल दीपकराज सिंह ठकुरीले गरे भने पुलिसका प्रवीण थापाले एक गोल फर्काएका थिए।

शहीद स्मारक ए डिभिजन लिगको तयारीको रूपमा हेरिएको प्रतियोगिताको पहिलो खेलमा सातदोबाटोले सुखद् शुरुवात गरेको हो। सो क्रममा दीपकले पहिलो हाफको इन्जुरी समयमा गरेको गोलबाट सातदोबाटोले अग्रता बनाएको थियो। प्रतिष्पर्धात्मक बनेको खेलमा दीपकको गोलबाट अग्रता लिएको थियो। तर दोस्रो हाफको चौथो मिनेटमा नै पुलिसले पुनरागमन गऱ्यो।

## सूचना




रामगोपालपुर नगरपालिकाको कार्यालय, महोत्तरी

## सूचना

- समयमा कर तिरी पालिकाको विकास निर्माणमा सहभागी बनौं। समयमा कर तिरौं, जरिवानाबाट बचौं।
- सबैको व्यक्तिगत घटना दर्ता अनलाईन गरौं, गराऔं।
- खुल्ला रुपमा दिशा-पिसाव नगरौं, सभ्य बनौं, सफा रहौं। सदैब चर्पीको प्रयोग गरौं।
- गर्भवती महिलाले नियमित गर्भ परिक्षण गरौं, गराऔं। व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।
- खानेपानी उमालेर मात्र प्रयोग गरौं।
- व्यवसायिक कृषी उत्पादन गरौं, आत्मनिर्भर बनौं।
- आफ्ना घर अगाडी सडकमा फोहर नफालौं, न फाल्न दिऔं।
- घरपालुवा पशुपंक्षीहरु सडकमा छाडा नछोडौं।
- व्यापार व्यवसाय पालिकामा दर्ता गराएर मात्र संचालन गरौं, गराऔं।

भंगहा नगरपालिकाको कार्यालय, महोत्तरी

कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



# किन भइरहेछ राष्ट्रपतिमा राष्ट्रिय सहमतिको बहस ?

-नेपालको नयाँ संविधान जारी भएपछिको तेस्रो कार्यकालका लागि यही फागुन २५ गते राष्ट्रपति चुनाव हुँदैन। चुनाव जति नजिकै छ, त्यति नै राजनैतिक सरगर्मी पनि बढ्दै गएको छ। सबै राजनैतिक दल, शीर्ष नेतृत्वको तहसम्म मात्र होइन, यसपटक राष्ट्रपति निर्वाचनको चासो राख्ने, यसबारे बहस, छलफल गर्ने र आफ्नो क्रिया-प्रतिक्रिया दिने क्रम जनस्तरसम्म नै पुगेको छ। यो लोकतन्त्रको लागि सुखद् पक्ष हो। कमसेकम जनस्तरबाट आफ्नो राष्ट्रको अभिभावक कस्तो हुनुपर्छ ? उसको भूमिका कस्तो रहने ? भन्ने जस्ता प्रश्नबाट चिन्ता र चासो व्यक्त हुनुले हाम्रो गणतन्त्र संस्थागत हुँदै गएको बुझ्न सकिन्छ। जनताको व्यापक चासो बढ्दै गइरहे पनि राजनैतिक दलहरूमा आम सहमतीय वातावरण अझैसम्म बन्न सकेको छैन।

यही बीचमा पुन: एकपटक नेपाली राजनीतिमा राष्ट्रिय सहमतिको बहस सुरु भएको छ। प्रतिस्पर्धा र सहमति राजनीतिक जीवनका अभिन्न अंग हुन्। यी बीचमा द्वन्द्वात्मक सम्बन्ध हुन्छ। निकट विगतको राजनीतिलाई हेर्ने हो भने पनि नेपालमा सहमतिमा अगाडि बढ्दा निकै ठूला उपलब्धि हासिल गरेको र अस्वस्थ प्रतिस्पर्धामा रमाउँदा प्राप्त उपलब्धि पनि गुमाउनुपर्ने अवस्था सिर्जना भएको उदाहरण हामीसँग छन्। यो पृष्ठभूमिमा राष्ट्रिय सहमतिको आवश्यकताबारे बहस सुरु भएको हो। यसका केही महत्वबारे कुरा गरौं : **उपलब्धिको रक्षा र शान्ति प्रक्रिया** हामी अहिले पनि शान्ति र संविधान कार्यान्वयनको संक्रमणकालमा छौं। नेपाली जनताले बलिदानीपूर्ण संघर्ष गरेर स्थापित गरेका राजनैतिक उपलब्धिहरूको रक्षा गर्नु, समृद्धि र समाजवादको आधार तयार गर्नु, संविधानलाई पूर्णत: कार्यान्वयनमा लैजान र राजनैतिक स्थायित्व कायम गर्नु आजको राजनीतिको मुख्य कार्यभार हो। संघीयता, गणतन्त्र, समावेशी समानुपातिक प्रणाली र नेपालको संविधान, २०७२ हामी सबैका साझा सम्पत्ति हुन्। हुन त नेपाली राजनीतिमा संघीयता लगायत उपलब्धिहरूलाई ठाडै अस्वीकार गर्नेहरू पनि छन्। यो वा त्यो कोणबाट यी उपलब्धिमाथि प्रहार पनि भइरहेकै छ। तथापि नेपाली राजनीतिको मूल प्रवृत्ति यो होइन। मूल प्रवृत्ति भनेको गणतन्त्रलाई संस्थागत गर्ने, संविधानको पूर्ण कार्यान्वयन गर्ने र शान्ति प्रक्रियाका बाँकी कामहरू सम्पन्न गर्नु हो। त्यसैले विगतमा निर्वाचित राष्ट्रपतिहरूको कार्यकाल विवादरहित बन्न सकेन। चाहे त्यो कटवाल प्रकरण होस्, चाहे पटक-पटक जननिर्वाचित संसदलाई असंवैधानिक ढंगले भंग गर्दा राष्ट्रपतिद्वारा सदर गर्दा होस्। यस्ता कतिपय परिघटनाले राष्ट्रपतिको भूमिकाबारे थुप्रै प्रश्न जन्मिएका छन् र यो निर्वाचनबाट जनताका चिन्ता, चासो र प्रश्नहरूको जवाफ दिनु छ। त्यसैले पनि सबैले समर्थन गरेको, शान्ति र संविधान पक्षधर, प्रधानमन्त्रीको असंवैधानिक कदम रोक्ने साहस र नैतिक मूल्य-मान्यता कायम राख्न सक्ने राष्ट्रिय अभिभावक बन्न र बनाउन आवश्यक देखिएकाले राष्ट्रिय सहमतिको कुरा गरिएको हो। **नैतिक मूल्य र मान्यताको राजनीति स्थापित गर्न** नेपाली राजनीति केही खराब पात्र र प्रवृत्तिका कारण बदनाम भइरहेको छ। राजनीतिमा जे गर्न पनि छुट छ भन्ने भाष्य स्थापित गर्न खोजिंदैछ। दायाँ-बायाँ जता पनि मोडिएर राजनीति अवसरको खेल सम्झने विचार, प्रवृत्ति र नियत भएका नेताको दबदबा छ।

कारण राजनीतिलाई आफ्नो कर्म बनाएर देश र जनताको सेवामा लागिरहने इमानदार, नैतिक र स्वाभिमानी राजनीतिज्ञ हीनभावना लिएर बाँच्नुपर्ने आजको यथार्थलाई बदल्नु छ। आज उपलब्धिहरू माथि केही सीमित राजनीतिज्ञ, तिनका परिवार र आसेपासेको एकाधिकार कायम रहेको छ। परिवारवादमा आधारित कार्यशैली र कार्यक्रम लागू भइरहेको छ। कार्ययोजना विना समाजवादको एकोहोरो रटानले आज शब्दहरू बदनाम भएका छन्। राष्ट्रपति जस्तो उच्च तहमा बस्ने व्यक्तिले उच्च नैतिकता कायम राख्न सक्नुपर्ने हो। संविधानको मूल्यमान्यतालाई विधि अनुसार स्थापित गर्न सक्नुपर्ने हो। अमूक पार्टीविशेषको मात्र निर्देशनमा नचलेर राष्ट्रको हितमा बोल्न सक्ने विवेकीय अधिकार समेतलाई आधार बनाउन सक्ने अग्रगामी चरित्र र प्रवृत्ति नै यसपटकका राष्ट्रपतिका लागि छनोटका आधार हुन्। त्यसैले स्खलन हुँदै गएको राजनीतिभित्रको अराजनीतिलाई नैतिक मूल्य-मान्यतामा स्थापित गर्न सहमतीय आधारमा राष्ट्रपति भनिएको हो। **बदलिएको परिस्थितिको सम्बोधन गर्न** निर्वाचन सम्पन्न भएपछि खासगरी बदलिएको परिस्थितिमा नयाँ गठबन्धन बन्न पुगेको थियो। माओवादीको स्थायी कमिटीको बैठकमा प्रस्तुत दस्तावेजमा यसलाई प्राविधिक विषय उल्लेख गरिए पनि सारमा नेपालको भू-राजनैतिक परिस्थिति र त्यसले दलहरूमा पारेको प्रभावका कारण



सिर्जित गठबन्धन थियो। तर शपथ ग्रहण, विश्वासको मत माग्दा संसदमा पूर्व प्रधानमन्त्रीको वक्तव्य, न्यूनतम साझा कार्यक्रम सार्वजनिकीकरण कार्यक्रममा देखिएको अराजनीति र प्रत्येक सेकेन्डमा कपट र जालसाजी कुरामा रमाउने गठबन्धनभित्रको साझेदारको प्रवृत्ति समेतलाई ध्यान दिंदा नयाँ गठबन्धनमा मात्र उभिन खोज्दा आइपर्ने समस्याको पनि ख्याल गर्न आवश्यक ठानिएको छ। त्यही भएर नै विश्वासको मतको क्रममा करिब शतप्रतिशत मत प्राप्त हुन सम्भव भयो। प्रधानमन्त्रीको हैसियतले ती सहमतीय मतहरूलाई आजको बदलिएको परिवेशसँग सम्बोधन गर्नुपर्ने आवश्यकता पनि उत्तिकै छ। आज अन्तर्राष्ट्रिय शक्ति-सन्तुलन छिमेकीहरूको चासो र स्वार्थ पनि त्यही स्तरमा बढेर आएको छ। पात्र र प्रवृत्ति छनोट गर्दा सकेसम्म विगतको जस्तो असंवैधानिक कदम झेल्न नपरोस्, अन्तर्राष्ट्रिय चिन्ता र चासोप्रति सजक रहँदै बदलिएको भू-राजनीतिको सम्बोधन पनि हुने हिसाबले सोच्नुपर्ने आजको बाध्यता छ। **गणतन्त्र विरोधीको हमला रोक्न** आज केही खराब पात्र र प्रवृत्तिलाई देखाएर सिंगो प्रणालीलाई नै उल्टाउने गरी गणतन्त्र विरोधी शक्तिहरूले संविधान विरोधी हर्कत बढाउँदै लगेका छन्। संसददेखि सडकसम्म र घरबारदेखि दरबारसम्म गणतन्त्र विरोधी शक्तिहरू सल्बलाइरहेका छन्। फागुन ७ को सन्दर्भमा पूर्वराजा ज्ञानेन्द्रको वक्तव्य 'श्री ५ ज्ञानेन्द्र वीरविक्रम शाह'को नाममा जारी हुनु संवैधानिक रूपमा उद्दण्डता बाहेक केही होइन।

*सांभार: अनलाईन खबर।*


## कम्प्यूटर टाईप-प्रिन्ट



सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्झनुहोस।

-: ढिलीप कुमार साह :-

सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२ (जनकपुरधाम, माछा बजार)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला








## सूचना




सोनमा गाउँपालिकाको कार्यालय, महोत्तरी



## सूचना

- समयमा कर तिरी पालिकाको विकास निर्माणमा सहभागी बनौं। समयमा कर तिरौं, जरिवानाबाट बचौं।
- सबैको व्यक्तिगत घटना दर्ता अनलाईन गरौं, गराऔं।
- खुल्ला रुपमा दिशा-पिसाव नगरौं, सभ्य बनौं, सफा रहौं। सदैब चर्पीको प्रयोग गरौं।
- गर्भवती महिलाले नियमित गर्भ परिक्षण गरौं, गराऔं। व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।
- खानेपानी उमालेर मात्र प्रयोग गरौं।
- व्यवसायिक कृषी उत्पादन गरौं, आत्मनिर्भर बनौं।
- आफ्ना घर अगाडी सडकमा फोहर नफालौं, न फाल्न दिऔं।
- घरपालुवा पशुपंक्षीहरु सडकमा छाडा नछोडौं।
- व्यापार व्यवसाय पालिकामा दर्ता गराएर मात्र संचालन गरौं, गराऔं।

बलवा नगरपालिकाको कार्यालय, महोत्तरी


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम-४(मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday